"जलस्रोत, पर्यटन र जडीबुटीले समुन्नत विगु गाउँपालिका"

# विगु गाउँपालिका
## Bigu Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
वागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या/Ref. No:- २०७८/०७९
चलानी नं./Dispatch No: १४११

मिति/Date: २०७८/११/१६

विषयः आधारभूत तह(कक्षा ८) उत्तीर्ण परीक्षाको आवेदन फाराम भर्ने सम्बन्धमा ।

श्री कक्षा ८ सञ्चालित सामुदायिक विद्यालय(सबै),
विगु गाउँपालिका, दोलखा ।

प्रस्तुत विषयमा शैक्षिक सत्र, २०७८ मा यस गाउँपालिकाभित्र सञ्चालित सबै सामुदायिक विद्यालयहरुमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको परीक्षा सञ्चालन, व्यवस्थापन, नतिजा तयारी तथा प्रकाशन गर्ने प्रयोजनका लागि परीक्षा आवेदन फाराम भर्नुपर्ने भएकोले देहायबमोजिम सर्तहरु पालना गरी कक्षा ८ का विद्यार्थीहरुको परीक्षा आवेदन फाराम भरी १५ दिनभित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्नुहुन आधारभूत तह उत्तीर्ण परीक्षा समितिको मिति २०७८/११/१२ गतेको निर्णयानुसार जानकारी गरिन्छ ।

- विगु गाउँपालिकाले तोकेको ढाँचामा आधारित भई निःशुल्क रुपमा सम्बन्धित विद्यालयले विद्यार्थीहरुको परीक्षा आवेदन फाराम भर्ने/ भराउने व्यवस्था मिलाउने ।
- परीक्षा आवेदन फाराम विगु गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्नुपर्ने,
- परीक्षा आवेदन फारामका साथ अनिवार्य रुपमा विद्यार्थीहरुको जन्मदर्ता संलग्न गर्ने,
- परीक्षा आवेदन फाराममा विद्यार्थीको हालसालै खिचेको दुईओटा पासपोर्ट साइजको फोटो संलग्न गरी विद्यार्थी र प्रधानाध्यापक दुबैले फोटो र फाराममा पर्ने गरी हस्ताक्षर गर्ने,
- परीक्षा आवेदन फाराम भर्दा विद्यार्थीको जन्मदर्तालाई मूल आधार मानी नाम, ठेगाना, जन्ममिति, बाबुआमाको नाम स्पष्ट रुपमा शुद्धता कायम गर्नुपर्नेछ । यदि विद्यार्थीहरुको नामनामेसी फरक परेमा सम्बन्धित विद्यालयको प्रधानाध्यापक नै जिम्मेवार हुनुपर्ने,
- शैक्षिक सत्र, २०७८ देखि IEMISबाट नतिजा तयारी तथा प्रकाशन गरिने भएकोले सम्बन्धित विद्यालयले आफ्नो विद्यालयको IEMIS Account बाट कक्षा ८ को परीक्षा सम्बन्धी टेम्प्लेट डाउनलोड गर्ने वा शिक्षा, युवा तथा खेलकुद शाखाबाट उक्त टेम्प्लेट प्राप्त गरी विद्यार्थीको विवरण अद्यावधिक गर्ने, प्रयोगात्मक अङ्क भर्ने र आफ्नै IEMIS Account बाट अपलोड गर्नुपर्नेछ । यदि उक्त कार्य गर्न समस्या भएमा शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्राविधिक सहायता लिई विद्यार्थीको विवरण अद्यावधिक गर्ने तथा टेम्प्लेट अपलोड गर्न सकिने,
- कक्षा ८ को परीक्षासम्बन्धी टेम्प्लेटमा आवश्यक विवरण भरी अपलोड गरिसकेपछि कुनै पनि विवरण संशोधन गर्ने व्यवस्था नरहेकोले अपलोड गर्नुभन्दा अघि नै विद्यार्थीको नामनामेसी तथा प्रयोगात्मक अङ्क सुनिश्चित गरी टेम्प्लेट अपलोड गर्ने।
- तोकिएको फारामको ढाँचामा प्रयोगात्मक अङ्क भरी हार्डकपि समेत गाउँपालिकाको कार्यालयमा बुझाउनुपर्ने,
- गाउँपालिकाले जारी गरेको प्रवेशपत्र विना परीक्षार्थीहरु परीक्षामा सहभागी हुन पाउने छैनन् ।

२०७८/११/१६
नबराज बस्नेत
शिक्षा शाखा प्रमुख

नबराज बस्नेत
शिक्षा शाखा प्रमुख

बोधार्थः

श्री सूचना प्रविधि शाखा, गाउँपालिकाको वेवसाइटमा अपलोड गर्नु हुन ।